# आय टिकट दस्तूर ऐन, २०१९

लालमोहर र प्रकाशन मिति

२०१९।९।२९

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. आय टिकट दस्तूर (पहिलो संशोधन) ऐन, २०३५ | २०३५।७।१ |
| २. अर्थ सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ | २०४७।८।२७ |

२०१९ सालको ऐन नं. ३४

आय टिकट दस्तूरसम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आयसम्बन्धी कारोबारका कागजपत्रहरुमा आय टिकट दस्तूर लगाउनु र त्यस्तो आय टिकटसम्बन्धी कार्यप्रणालीलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :

(१) यो ऐनको नाम "आय टिकट दस्तूर ऐन २०१९" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ ।

(३) यो ऐन २०१९।४।९ देखि प्रारम्भ भएको मानिनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आय टिकट" भन्नाले दफा ४ को उपदफा (१) मा लेखिएको कागजपत्रमा लगाउनु पर्ने नेपाल सरकारद्वारा स्वीकृत आय टिकट सम्झनु पर्छ ।

(ख) [✂] ..........................

(ग) [✂] ..........................

(घ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

(ङ) "अनुसूची" भन्नाले यो ऐनको अनुसूची सम्झनु पर्छ ।

३. [∞] ................................

---

[✂] पहिलो संशोधनद्वारा झिकिएको ।

[✂] पहिलो संशोधनद्वारा झिकिएको ।

[∞] पहिलो संशोधनद्वारा खारेजी ।

♣४. **आय टिकट दस्तूर लाग्ने** :

(१) देहायका कागजपत्रहरुमा अनुसूचीमा लेखिएबमोजिम आय टिकट दस्तूर लाग्नेछः-

(क) लेनदेनको तमसुक, टिप्पन,

(ख) बहाल कबुलियत,

(ग) गैह्र संस्थागत कृषिजन्य वस्तु बाहेक बिक्रीनामाको कागजात,

(घ) शेयर, डिबेन्चर स्टकको खरीद बिक्रीसम्बन्धी कागजात,

(ङ) विनिमयपत्र र प्रतिज्ञापत्र,

(च) बीमा लेखसम्बन्धी गैह्र कागजात, र

(छ) घर, पसल, हल, होटेल र कोठाको बहाल बुझेको भरपाई।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कागजातपत्रमा आय टिकट दस्तूर लाग्ने छैन :-

(क) अनिवार्य रुपले रजिष्ट्रेशन पास गराउनु पर्ने तमसुक,

(ख) तमसुकी ऋणको साँवा, ब्याज र जिन्सी वा नगदी वाली बुझाउँदाको भरपाई,

(ग) नेपाल सरकारको ऋणपत्रहरु,

(घ) चेक, ड्राफट, टी.टी., र

(ङ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आंशिक वा पूर्ण रुपले आय टिकट नलाग्ने भनी उपदफा (१) मध्येको तोकिदिएको कागजपत्रहरु।

(३) उपदफा (१) बमोजिम आय टिकट दस्तूर लाग्ने कागजपत्रमा आय टिकट नपाएसम्म त्यसको सट्टा हुलाक टिकट टाँस्न सकिनेछ।

५. **आय टिकटको बिक्री व्यवस्था** :

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आय टिकट कसैले खरीद गरेमा त्यससम्बन्धी पाउने कमिशनको व्यवस्था गर्न सक्नेछ।

(२) यो ऐनबमोजिम टाँस्नु पर्ने आय टिकटको नपाईने अवस्था पर्न आएमा अथवा सो टिकट टाँस्नु पर्ने कागजमा उपयुक्त स्थानको अभाव भएमा आय टिकट दस्तूर वापत लाग्ने रकम ❋................ स्थानीय माल अड्डा वा नेपाल राष्ट्र बैंकमा बुझाई भरपाई लिई सो

---

♣ पहिलो संशोधनद्वारा संशोधित।

❋ अर्थ सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४७ द्वारा झिकिएको।

भरपाई टिकट टाँस्नु पर्ने कागज साथ संलग्न राखेको भएमा यस ऐनको प्रयोजनको निमित्त आय टिकट टाँसिएको मानिनेछ ।

(३) ❋.................. स्थानीय माल अड्डा, नेपाल राष्ट्र बैंकमा जुनसुकै व्यक्तिले आय टिकट वापतको रकम बुझाउन ल्याएमा बुझिलिई रीतपूर्वकको भरपाई गरी दिनुपर्छ र माल अड्डाले यसरी आएको रकमको छुट्टै किताब खडा गरी आम्दानी बाँधी साल तमामीमा कर अड्डामा बुझाउनु पर्छ । ❋........

६. **आय टिकट टाँस्ने कर्तव्य** : दफा ४ मा लेखिएको कारोबार गर्दा प्रमाणको निमित्त कागज लिने व्यक्तिले नै टिकट टाँसी कागज गरिदिने व्यक्तिको सो कागज तथा अनुसूचीमा लागे बमोजिमको आय टिकट समेतलाई ढाक्ने गरी मिति समेत खोली सहिछाप गराई कागज लिनु दिनु पर्छ ।

♣७. **आय टिकट नटाँसेको कागजपत्रलाई कानूनी मान्यता नहुने** :

(१) यस ऐनबमोजिम आय टिकट दस्तूर लाग्ने कागजपत्रमा आय टिकट टाँसिएको रहेनछ भने त्यस्तो कागजपत्रलाई कानूनी मान्यता दिइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले आय टिकट नटाँसी वा अनुसूचीमा लेखिएको दरमा घटी पारी आय टिकट टाँसेको रहेछ भने त्यस्तो व्यक्तिबाट आय टिकट नै नटाँसेकोमा टाँस्नु पर्ने जतिको पाँच दोब्बर र घटी पारी आय टिकट टाँसेकोमा घटी भए जतिको पाँच दोब्बर आय टिकट टाँस्न लगाई वा त्यति दस्तूरको रकम बुझी लिई त्यस्तो कागजपत्रलाई कानूनी मान्यता दिन सकिनेछ ।

✢७क. **आय टिकट दस्तूरको निमित्त जिन्सीको बिगो कायम गर्ने :** आय टिकट दस्तूरको प्रयोजनको निमित्त जिन्सीको बिगो कायम गर्दा स्थानीय बजारमा चलेको दर भाउले हिसाब गरी बिगो कायम गरिनेछ ।

८. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वित गर्नको निमित्त नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

९. **खारेजी र संशोधन** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुसंग बाझिने जति प्रचलित नेपाल कानून खारेज भएको वा अवस्थानुसार यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमसंग मिल्ने गरी संशोधन भएको मानिनेछ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

✢ पहिलो संशोधनद्वारा थप ।

## ♣अनुसूची

### आय टिकट दस्तूरको दर

आय टिकट लाग्ने कागजपत्रमा

| अंकित मूल्य | दस्तूर |
|---|---|
| रु. १०० सम्म | केही नलाग्ने |
| रु. १०१ देखि २५० सम्म | रु.१।- |
| रु. २५१ देखि ५०० सम्म | रु.२।- |
| रु.५०१ देखि ७५० सम्म | रु. ३।- |
| रु. ७५१ देखि १००० सम्म | रु. ४।- |
| रु. १००० भन्दा बढी प्रति हजारसम्मको | रु. ४।- |

स्पष्टिकरण : एक हजार रुपैयाँ भन्दा बढीको रकमको घरायसी लेनदेनको तमसुक वा टिप्पनमा मात्र अनुसूचीबमोजिम दस्तूर लाग्नेछ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।